रामग्राम नगरपालिकाको मिति २०७९।०६।०७ गतेको नगर कार्यपालिका बैठकमा पेश भएका प्रस्तावहरु ।

प्रस्ताव नं. १ : चालु आ.व. को भाद्र मसान्त सम्मको प्रगति समीक्षा गर्ने सम्बन्धमा
प्रस्ताव नं. २ : नगर विकास कोषसँगको साझेदारीमा सपिङ कम्प्लेक्श निर्माण गर्ने सम्बन्धमा
प्रस्ताव नं. ३ : वडा नं. ३ को कार्यालय भवन र कार्यालय प्रमुख आवास निर्माण प्रकृया अघि बढाउने सम्बन्धमा
प्रस्ताव नं. ४ : वडा नं. ३ र ५ को संयुक्त वडा कार्यालय संचालन गर्न घर भाडामा लिने सम्बन्धमा
प्रस्ताव नं. ५ : वडा नं. २ र ६ वडा कार्यालयहरु आफ्नै भवनमा स्थानान्तरण गर्ने सम्बन्धमा
प्रस्ताव नं. ६ : आसन्न वडादशै, दिपावली र छठपर्वको पूर्व सन्ध्यामा शुभकामना दिने तथा कार्यालयको शान्ति सुरक्ष बन्दोबस्त गर्ने सम्बन्धमा
प्रस्ताव नं. ७ : सामुदायिक विद्यालयहरु दशैं तिहार बीचमा संचालन गर्ने सम्बन्धमा
प्रस्ताव नं. ८ : "घ "वर्ग निर्माण व्यवसायी इजाजत पत्र अनुगमन तथा सिफारिस समिति गठन सम्बन्धमा
प्रस्ताव नं. ९ : आयोजना मागको प्रस्ताव पेश गर्ने सम्बन्धमा
प्रस्ताव नं. १० : *रामग्राम नगरपालिकाको स्वास्थ्य संकट एवं विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना (HEDPRP),* २०७९ सम्बन्धमा
प्रस्ताव नं. ११ : समुदाय स्तरमा डेंगु रोग फैलाउने लामखुट्टेको लार्भा खोज र नष्ट गर अभियान संचालन सम्बन्धमा
प्रस्ताव नं.१२ : सरसफाइकर्मीको चाडपर्व खर्च सम्बन्धमा

## निर्णयहरु :

निर्णय नं. १ : प्रस्ताव नं. १ माथि छलफल गर्दा चालु आ.व. को वार्षिक स्वीकृत कार्यक्रम बमोजिम २०७९ भाद्र मसान्त सम्म सम्पन्न कार्यको प्रगति समीक्षा गरियो । आयोजना खरिद व्यवस्थापन प्रगति सन्तोषजनक देखिएको र वार्षिक क्यालेण्डर बमोजिम कार्यसम्पादन गर्न जनप्रतिनिधि र राष्ट्रसेवक कर्मचारीहरुले साझा प्रयासलाई क्रियासिल राख्ने निर्णय गरियो । आगामी बैठकहरुमा वडागत प्रगति समिक्षा गर्ने निर्णय गरियो ।

निर्णय नं. २ : प्रस्ताव नं. २ माथि छलफल गर्दा यस जिल्लाको सदरमुकाम समेत रहेको जिल्लाको सबैभन्दा पुरानो नगरपालिका भएपनि आन्तरिक आय परिचालनको अवस्था कमजोर रहेको सन्दर्भमा नगरको आर्थिक गतिविधि सवल पार्दै लैजान नगरक्षेत्रमा अत्याधुनिक सपिङ कम्प्लेक्श निर्माण तथा संचालन गर्नुपर्ने आवश्यकता महसुस भएको छ । यस विषयमा श्री नगर विकास कोष, बानेश्वर, काठमाण्डौंले नगरपालिकाहरुसँग साझेदारी गरी सहरी पूर्वाधार निर्माण गर्दै आएको छ । यस नगरपालिकाका नगर प्रमुखज्यूको सहभागिता र नगरविकास कोषका कार्यकारी निर्देशक श्री कृष्ण प्रसाद सापकोटा ज्यूको संयोजकत्वमा २०७९ भाद्र २७ गते बसेको बैठकबाट उक्त सपिङ कम्प्लेक्श निर्माण कार्य अघि बढाउने सहमति भएको छ ।

उपरोक्त सम्बन्धमा विगत लामो समय अघि पोखरी रहेको र पछि उक्त पोखरी पुरिन गई सो स्थानमा रामग्राम नगरपालिकाको लगानीमा लामो समय देखि टहरा निर्माण भई दैनिक तरकारी बजार संचालनमा रहेपनि तरकारी बजार वडा नं. २ स्थित बजारक्षेत्रमा सर्दै गएकोले रामग्राम न.पा. वडा नं. ३ मा रहेको कि.नं. ६८ क्षेत्रफल ०-४-० को जग्गा र वरिपरिको थप जमिन समेत प्राप्त गर्ने र नगर विकास कोषसँग साझेदारी गरी सिनेमा हल सहितको सपिङ कम्प्लेक्श निर्माण गर्ने प्रकृया अघि बढाउने निर्णय गरियो । यस सम्बन्धी प्राविधिक कार्य अघि बढाउन श्री नगर विकास कोष , काठमाण्डौलाई अनुरोध गर्ने निर्णय गरियो ।

रामग्राम नगरपालिका
२०७९।०६।०७
...बहादुर खड्का
...अधिकृत

निर्णय नं. ३ : क.) प्रस्ताव नं. ३ माथि छलफल गर्दा वडा नं. ३ का सन्दर्भमा साविक परासी ४, हाल रामग्राम नगरपालिका वडा नं. ३ स्थित कि.नं. ९ क्षे.फ. ०-४-१० को जग्गा नारायण प्रसाद हरिजनले बालीनाली लगाई भोगचलन गरेको देखिएको भएपनि २०५२।१०।१८ को मालपोत कार्यालय, परासीको पत्रबाट जग्गा ८ नं. ऐलानी पर्ति भएकोले घर नबाउन बाली नलगाउन लेखिएको देखिदा उक्त जग्गा भोगचलनवालाको हक दावी हुने देखिदैन । साथै निज नारायण हरिजनले हक दावी गरेको उक्त जग्गा २०३५/०६/१९ गते धान कुत बुझाएको देखिदा सो जमिन कुत बुझाउने गरी कमाउन दिएको ठहर्छ । तसर्थ भोगचलनवालाको अस्थायी घरटहरा रहेको जमिनको भाग बाहेकको स्थानमा वडा नं. ३ को कार्यालय भवन निर्माण प्रकृया अघि बढाउने निर्णय गरियो ।

३(ख.) कार्यालय प्रमुख आवास सम्बन्धमा नगर कार्यपालिकाको कार्यालयबाट २ कि.मी. को दुरि भित्र पायक पर्ने स्थानमा नगरपालिकाको स्वामित्वमा रहेको वा स्वामित्व कायम हुने सक्ने जग्गा खोजि आवास निर्माण प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

निर्णय नं. ४ : प्रस्ताव नं. ४ माथि छलफल गर्दा हाल सम्म यस नगरपालिकाका वडा नं. १, २, ३ र ५ वडा कार्यालयहरु अत्यन्तै जीर्ण अवस्थामा रहेको भवनबाट संयुक्त वडा कार्यालयहरु संचालन भईरहेका छन् । उक्त भवनमा सुरक्षा जोखिम बढदै गएको हुँदा तपसिल अनुसार व्यवस्थापन गर्ने निर्णय गरियो ।

तपसिल :

क) वडा नं. १ का लागि वडा कार्यालय भवन निर्माण गर्ने गत आ.व. मा नै ठेक्का बन्दोबस्त भएकोले निर्माण कार्यलाई तिव्रता दिन लगाई यथासिघ्र स्थानान्तरण गर्ने ।

ख) ३ (क) को प्रकृया बमोजिमको कार्यालय भवन निर्माण नहुँदा सम्मका लागि हालको स्थानबाट एक कि.मी. को दुरी भित्र वडा नं. ३ र ५ का वडा कार्यालय संयुक्त रुपमा वा छुट्टाछुट्टै संचालन गर्न उपयुक्त घर भाडामा लिने प्रकृया अघि बढाउने ।

ग) हाल संयुक्त वडा कार्यालय रहेको जोखिमपूर्ण भवन खाली भएपछि भत्काई हटाउने र सो स्थानमा वडा कार्यालय भवन समेत संचालन गर्न मिल्ने गरी कोसेली घर, सपिङ कम्प्लेक्श सहितको बहुउद्येश्यीय भवन निर्माण गर्न आगामी आ.व. मा प्राथमिकता साथ बजेट विनियोजन गर्ने ।

निर्णय नं. ५ : प्रस्ताव नं. ५ माथि छलफल गर्दा वडा नं. २ र ६ का वडा कार्यालय भवनहरु निर्माण सम्पन्न हुने चरणमा रहेकाले यथासिघ्र सम्बन्धित वडा कार्यालयलाई नवनिर्मित भवनमा स्थानान्तरण गर्ने निर्णय गरियो ।

निर्णय नं. ६ : प्रस्ताव नं. ६ माथि छलफल गर्दा आसन्न चाडपर्वहरु, वडादशैं, दिपावली र छठपर्व २०७९ को पावन अवसरमा स्वदेश र विदेशमा रहनु भएका सम्पूर्ण नगरवासीहरु, नगरपालिका क्षेत्रमा रहेका सरकारी कार्यालय र संस्थाहरुमा सुखशान्ति र समृद्धिको शुभकामना व्यक्त गर्ने । साथै चाडपर्वहरुमा कार्यालयहरु बन्द रहने हुँदा कार्यालयको सुरक्षा व्यवस्था, सरसफाईलाई चुस्त पार्ने निर्णय गरियो ।

निर्णय नं. ७ : प्रस्ताव नं. ७ माथि छलफल गर्दा यस नगरपालिका अन्तर्गत रहेका समाुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर संस्थागत विद्यालयको तुलनामा निकै कमजोर रहेको छ । सामुदायिक विद्यालयका प्रधानाध्यापकहरुको माग बमोजिम दशैं तिहार बीचमा विद्यालयहरु वन्द हुने बुझिन आएको छ । यसरी लामो अवधि विद्यालयहरु बन्दे गर्दा विद्यार्थीहरुमा सिकाई अभ्यास छुट्ने र संस्थागत विद्यालयहरु सो अवधिमा खुल्ने हुँदा दोहारो मापदण्ड स्वभाविक नहुने भएकोले विद्यालय सो अवधिमा संचालन गरिनुपर्ने अभिभावकहरुको

मागलाई ध्यानमा राख्दै दशैं, तिहार २०७९ बीचको अवधि सम्पूर्ण सामुदायिक विद्यालयहरु संचालन गर्न सम्बन्धित सरोकारवालाहरुलाई सूचित गर्ने निर्णय गरियो ।

निर्णय नं. ८ : प्रस्ताव नं. ८ माथि छलफल गर्दा यस रामग्राम नगरपालिकामा ' घ ' वर्गको निर्माण व्यवसायी इजाजतपत्र प्राप्त गर्न पेश भऐका आवेदनहरु माथि आवश्यक कार्य गर्न र प्रस्तावित व्यवसायीको फर्महरुको स्थलगत अनुगमन गरी इजाजतपत्र जारी गर्नका लागि नगरपालिकालाई सिफारिस गर्न तपसिल बमोजिमको एक अनुगमन तथा सिफारिस समिति गठन गरियो ।

तपसिल :

| | |
|---|---|
| श्री विद्यासागर त्रिपाठी ,अध्यक्ष, रामग्राम-६ | - संयोजक |
| श्री अमृतसिंह जि.सी., कार्यपालिका सदस्य | - सदस्य |
| श्री शतिष कुमार गुप्ता, इन्जिनियर, रामग्राम नगरपालिका | -सदस्य |
| श्री माधव न्यौपाने, इन्जिनियर, रामग्राम नगरपालिका | -सदस्य |
| श्री संजय कुमार शर्मा, लेखा शाखा , रामग्राम नगरपालिका | - सदस्य सचिव |

निर्णय नं.९: प्रस्ताव नं.९ माथि छलफल गर्दा यस रामग्राम नगरपालिकाको तपसिलका आयोजना/कार्यक्रमहरुको डि.पि.आर. तयार गरी स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम श्रीमहल ललितपुरमा आयोजना माग गर्ने निर्णय गरियो ।

तपसिल :

क) बड्गो देखि रुपन्देहीको रोहिणी गाउँपालिका बिर्नी जाने बाटोमा पर्ने महाव घोलामा पुल निर्माण आयोजना

ख) मंझरिया देखि जमुनिया सडक आयोजना , रामग्राम १० र १६

ग) ऐचावल देखि पथरदेवा हुँदै भुसुनापुर सडक आयोजना, रामग्राम १४

निर्णय नं. १० : प्रस्ताव नं. १० माथि छलफल गर्दा *रामग्राम नगरपालिकाको स्वास्थ्य संकट एवं विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना (HEDPRP),* २०७९ को मस्यौदा माथि छलफल गरी स्वीकृत गरियो ।

निर्णय नं. ११ : प्रस्ताव नं. ११ माथि छलफल गर्दा समुदाय स्तरमा डेंगु रोग फैलाउने लामखुट्टेको लार्भा खोज र नष्ट गर अभियान संचालनको लागि मिति २०७९/०६/०९ गते वडा स्तरमा सरोकारवालासँग अभिमूखिकरण कार्यक्रम र मिति २०७९/०६/११ गते सम्पूर्ण वडाहरुमा एक दिने लामखुट्टेको लार्भा खोज र नष्ट गर अभियान तपसिल बमोजिम खर्च हुने गरी संचालन गर्ने निर्णय गरियो ।

क) वडा स्तरमा सरोकारवालासँग अभिमूखिकरण कार्यक्रम । (खाजा वापत - २५ जना सहभागि १८ वडामा रु.२००।- को दरले रु.९०,०००।-)

ख) सम्पूर्ण वडाहरुमा एक दिने लामखुट्टेको लार्भा खोज र नष्ट गर अभियान । (डिजल वितरण गर्ने र वडामा अभियानमा परिचालन भएका व्यक्तिहरुलाई खाजा खर्च उपलब्ध गराउने । सो बापत लाग्ने खर्च नगरपालिकाको वन, वातावरण तथा विपद् व्यवस्थापन समितिको सिफारिसमा रु. पाँच लाखमा नबढ्ने गरी विपद् व्यवस्थापन कोषबाट खर्च लेख्ने निर्णय गरियो ।

निर्णय नं. १२ : प्रस्ताव नं. १२ माथि छलफल गर्दा यस कार्यालयमा कार्यरत सरसफाई कर्मीहरुले सार्वजनिक विदाको दिनमा समेत काम गर्नुपर्ने भएपनि दैनिक ज्यालादारीमा कार्य गर्दा दशैंतिहार आदि चाडपर्व खर्च दिने व्यवस्था नहुने हुँदा प्रति सरसफाई कर्मी र सरसफाईमा प्रयोग हुने सवारी चालक समेतलाई रु.१०,०००।- सम्म चाडपर्व खर्च उपलब्ध गराउने निर्णय गरियो ।